# प्रसारित र वितरण गरिएको शुक्रबारको खुत्बा (जुमा प्रवचन)

## ७ रबीउल आखिर १४४८ हिजरी, १८/९/२०२६ ईस्वी

## विवाह र सम्बन्धविच्छेदमा (तलाक) भित्रिएका बाह्य प्रचलनहरू

सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो, जसले महान् कुरआनद्वारा हामीलाई सम्पूर्ण समुदायहरूमध्ये सम्मानित बनाउनुभयो र त्यसैद्वारा प्रतिज्ञा तथा चेतावनीको बीचमा हाम्रा आत्माहरूलाई सुधार्नुभयो। यस कुरआनको अगाडिबाट पनि असत्य आउन सक्दैन र पछाडिबाट पनि आउन सक्दैन। यो सर्वज्ञ तथा प्रशंसनीय अल्लाहबाट अवतरित गरिएको हो। म साक्षी दिन्छु कि अल्लाहबाहेक कोही सत्य पूज्य छैन। उहाँ एक्लै हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन। यस्तो साक्षी, जसको पुण्यरूपी सञ्चय सधैँका लागि बाँकी रहनेछ। र म साक्षी दिन्छु कि मुहम्मद ﷺ उहाँका दास र रसूल हुनुहुन्छ। अल्लाहले उहाँमाथि, उहाँका परिवारमाथि तथा सद्गुण र सत्य मार्गदर्शनले सम्पन्न उहाँका सहाबाहरूमाथि दया र शान्ति प्रदान गरून्, र उहाँहरूमाथि कियामतको दिनसम्म प्रशस्त सलाम र शान्ति प्रदान गरून्।

{يأيها الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ حَقَّ تُقَاتِهِ وَلَا تَمُوتُنَّ إِلَّا وَأَنْتُمْ مُسْلِمُونَ} [آل عمران: 102]

हे ईमानवालाहरू, अल्लाहसँग त्यस्तो डर राख्नुहोस् जसरी उहाँसँग डर राख्नुपर्छ र मुस्लिम भएको अवेस्थाबाहेक नमर्नुहोस्। (आल-इमरान: १०२).

**हे मुस्लिमहरू:** निश्चय नै, इस्लामी शरीअतका आधारभूत र व्यापक सिद्धान्तहरूमध्ये एउटा महत्वपूर्ण सिद्धान्त हो–शरीअतका आदेशहरू पालना गर्नुपर्ने व्यक्तिहरूका लागि सहजता प्रदान गर्नु र उनीहरूबाट कठिनाइ तथा असहजता हटाउनु। त्यसैले यस महान् सिद्धान्तलाई स्थापित गर्ने विषयमा कुरआन र सुन्नतका प्रमाणहरू निरन्तर रूपमा आएका छन्। अल्लाह तआलाले भन्नुभएको छ:

{يُرِيدُ اللَّهُ بِكُمُ الْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ الْعُسْرَ} [البقرة: 185]

"अल्लाह तिमीहरूका लागि सहजता चाहनुहुन्छ र तिमीहरूका लागि कठिनाइ चाहनुहुन्न" (सूरह अल-बक़रह: १८५). र उहाँ, पवित्र तथा महान्, ले भन्नुभएको छ:

{وَمَا جَعَلَ عَلَيْكُمْ فِي الدِّينِ مِنْ حَرَجٍ} [الحج: 78]

"र उहाँले धर्मको विषयमा तिमीहरूमाथि कुनै कठिनाइ राख्नुभएको छैन" (सूरह अल-हज्ज: ७८).

रसूलुल्लाह ﷺ को मार्गदर्शन पनि यही सिद्धान्तमा आधारित थियो। उहाँलाई जब दुईवटा कुरामध्ये एउटा रोज्ने विकल्प दिइन्थ्यो, र त्यसमा पापको कुरा हुँदैनथ्यो भने उहाँले ती दुईमध्ये सजिलो कुरालाई नै रोज्नुहुन्थ्यो। यदि यो सिद्धान्त सबै प्रकारका इबादत तथा व्यवहारिक कारोबारहरूमा लागू हुन्छ भने, पारिवारिक मामिलाहरूमा यसको प्राथमिकता अझ बढी र उपयुक्त हुन्छ। किनकि परिवार समाजको आधारभूत एकाइ हो। जब परिवारमा शरीअतले ल्याएको सहजता प्रवेश

गर्छ, तब घरपरिवारमा स्थिरता कायम हुन्छ, विवाह सहज बन्छ, विवाहको खर्च तथा आर्थिक बोझ कम हुन्छ, र सम्बन्धविच्छेदको अवस्थामा अधिकारहरूको संरक्षण हुन्छ। तर जब मानिसहरूले शरीअतको मार्गदर्शनको स्थानमा कृत्रिम तथा बोझिला सामाजिक प्रचलनहरू र बाहिरबाट भित्रिएका अनुचित परम्पराहरूलाई अपनाउँछन्, तब सहजता कठिनाइमा परिणत हुन्छ। अनि अल्लाहले जसलाई दाम्पत्य जीवनमा शान्ति, सुख र आपसी प्रेमको माध्यम बनाउनुभएको थियो, त्यही कुरा दुःख, कठिनाइ र आपसी विवादको कारण बन्न पुग्यो।

**हे ईमानवालाहरू:** यो अत्यन्त दुःखद कुरा हो कि केही मानिसहरूलाई अब शरीअतका आदेशहरूले जति प्रभावित गर्दैनन्, त्यसभन्दा बढी समाजका प्रचलनहरूले प्रभावित गर्छन्। यहाँसम्म कि केही प्रचलनहरू आफ्नै खराबी र विचलनका बाबजुद पनि शरीअतका स्पष्ट प्रमाणहरूभन्दा अगाडि राखिन थालेका छन्। यसको कारण यस्तो दिइन्छ कि मानिसहरूबीच यही प्रचलित छ। कति अचम्मको कुरा! के सत्यको मापदण्ड मानिसहरूको व्यवहार नै हो? अल्लाह तआलाले भन्नुभएको छ:

{وَإِنْ تُطِعْ أَكْثَرَ مَنْ فِي الْأَرْضِ يُضِلُّوكَ عَنْ سَبِيلِ اللَّهِ إِنْ يَتَّبِعُونَ إِلَّا الظَّنَّ وَإِنْ هُمْ إِلَّا يَخْرُصُونَ} [الأنعام: 116]

"र यदि तिमीले पृथ्वीमा रहेका अधिकांश मानिसहरूको कुरा मान्यौ भने, उनीहरूले तिमीलाई अल्लाहको मार्गबाट विचलित गरिदिनेछन्। उनीहरू केवल अनुमानको पछि लाग्छन् र केवल अड्कल लगाएर कुरा गर्छन्।" (सूरह अल-अनआम: ११६).

यसरी केही मानिसहरू सुन्नतको उल्लङ्घन गर्नुपर्ला भन्ने डरभन्दा मानिसहरूले के भन्लान् भन्ने डर बढी मान्न थालेका छन्। त्यसैले उनीहरूमध्ये कसैले भन्ने गर्छः "मलाई थाहा छ, यो अनावश्यक रूपमा आफूलाई कष्ट दिनु हो, तर मानिसहरूले के भन्लान्"? यसरी मानिसहरूको धारणा नै घरपरिवारमाथि निर्णायक बन्न पुग्छ। अबू नुऐमले अल-हिल्याह मा अब्दुल्लाह बिन मसऊद राजीअल्लाहोअन्हो बाट वर्णन गरेका छन्। उहाँले भन्नुभयो:

«لَا يَكُونُ أَحَدُكُمْ إِمَّعَةً»

"तिमीहरूमध्ये कोही पनि इम्मअह (इम्अह) नबनोस्।"

सहाबाहरूले सोधे: "हे अबू अब्दुर्रहमान! इम्मअह भनेको के हो"? उहाँले भन्नुभयो:

يَقُولُ: «أَنَا مَعَ النَّاسِ؛ إِنِ اهْتَدَوْا اهْتَدَيْتُ، وَإِنْ ضَلُّوا ضَلَلْتُ، أَلَا لِيُوَطِّنَنَّ أَحَدُكُمْ نَفْسَهُ عَلَى إِنْ كَفَرَ النَّاسُ أَلَّا يَكْفُرَ»

त्यो व्यक्ति हो जसले भन्छः "म मानिसहरूसँगै छु। यदि उनीहरू हिदायत पाए भने म पनि हिदायत पाउँछु, र यदि उनीहरू पथभ्रष्ट भए भने म पनि पथभ्रष्ट हुन्छु। सावधान! तिमीहरूमध्ये प्रत्येकले आफ्नो मनलाई यस कुरामा दृढ बनाओस् कि यदि मानिसहरूले कुफ्र गरे भने पनि उसले कुफ्र नगरोस्।"

**हे ईमानवालाहरू:** निश्चय नै अल्लाह तआलाले पतिमाथि पत्नीलाई महर दिन अनिवार्य गर्नुभएको छ र यसलाई पत्नीको विशुद्ध अधिकार बनाउनुभएको छ। अल्लाह तआलाले भन्नुभएको छ:

{وَآتُوا النِّسَاءَ صَدُقَاتِهِنَّ نِحْلَةً فَإِنْ طِبْنَ لَكُمْ عَنْ شَيْءٍ مِنْهُ نَفْسًا فَكُلُوهُ هَنِيئًا مَرِيئًا} [النساء: 4]

"र महिलाहरूलाई उनीहरूको महर खुसीसाथ प्रदान गर। तर यदि उनीहरूले त्यसबाट केही भाग आफ्नो इच्छाले तिमीहरूलाई छोडिदिए भने, त्यसलाई आनन्दपूर्वक र सन्तुष्टिसाथ उपभोग गर।" (अन-निसा: ४)

कहिलेकाहीँ महरसँगै पत्नीको मन प्रसन्न पार्न र उनलाई खुसी बनाउन केही सामान्य उपहारहरू पनि दिइन्थे, जस्तै कपडा, गहना र सुगन्धित वस्तुहरू। हाम्रो समाजमा यसलाई “दज्जा” (दज्जह) भनेर चिनिन्छ। तर आज यो प्रचलन आफ्नो मूल उद्देश्यबाट विचलित भएको छ र हाम्रो समाजमा यसको प्रयोग उचित नभएको दिशातर्फ गएको छ। यो आफ्नो सरल र स्वाभाविक अर्थबाट बाहिर निस्केर देखावटी प्रतिस्पर्धा र बढीभन्दा बढी प्रदर्शन गर्ने माध्यम बन्न पुगेको छ। साथै, यो अरूलाई देखाउन, आफ्नो सम्पन्नता प्रदर्शन गर्न र घमण्ड गर्न तथा परिवारहरूबीच बाह्य प्रदर्शनमा प्रतिस्पर्धा गर्ने ठूलो माध्यम बनेको छ। यसका कारण आवश्यक नभएका कुराहरूमा अनावश्यक खर्च र बनावटीपन पनि बढेको छ। यस्ता प्रचलनहरू इस्लामी शरीअतले ल्याएको

सजिलोपन अपनाउने, अपव्यय र घमण्डबाट बच्ने तथा मानिसहरूबीचको आपसी बढाइचढाइ र प्रतिस्पर्धाका ढोकाहरू बन्द गर्ने शिक्षासँग विरोधाभास राख्छन्|.

आइशा राजीअल्लाहोअन्हा बाट वर्णन गरिएको छ कि अल्लाहका रसूल ﷺले भन्नुभयो:

«إِنَّ مِنْ يُمْنِ الْمَرْأَةِ تَيْسِيرَ خِطْبَتِهَا، وَتَيْسِيرَ صَدَاقِهَا، وَتَيْسِيرَ رَحِمِهَا» [رَوَاهُ أَحْمَدُ، وَحَسَّنَهُ الْأَلْبَانِيُّ]

“निश्चय नै महिलाको सौभाग्यका लक्षणहरूमध्ये उनको विवाहको प्रस्तावलाई सरल बनाइनु, उनको महरलाई सरल बनाइनु र उनको गर्भधारण तथा सन्तान प्राप्तिको अवस्था सहज हुनु हो।” (इमाम अहमदले यसलाई वर्णन गरेका छन् र अल्बानीले यसलाई हसन (स्वीकार्य) भनेका छन्|)

**हे ईमानवालाहरू:** हाम्रो वर्तमान समयमा मानिसहरूलाई ठूलो बोझमा पार्ने कुराहरूमध्ये विवाहअघि र विवाहपछि गरिने धेरै प्रकारका समारोहहरू पनि हुन्। विवाह सम्पन्न हुनासाथ विभिन्न अवसरहरू एकपछि अर्को गर्दै आउन थाल्छन्, भोजहरू बारम्बार आयोजना गरिन्छन् र विभिन्न उत्सवहरू गरिन्छन्| यसरी विवाह नै लगातार भइरहने खर्चहरूको एउटा लामो शृङ्खला बन्न पुगेको छ। समस्या खुसी मनाउनु र आनन्द प्रकट गर्नुमा होइन; किनकि यस्तो खुसी मनाउनु शरीअतद्वारा जायज गरिएको कुरा हो। समस्या त अनावश्यक तडकभडक, अत्यधिक

खर्च र हद नाघ्नुमा छ। साथै, यस्ता समारोहहरूलाई समाजमा यस्ता प्रचलन र चलनका रूपमा स्थापित गर्नुमा समस्या छ, जसलाई नगर्दा मानिसहरू अप्ठ्यारो र लज्जित महसुस गर्न बाध्य हुन्छन्। यसरी इस्लामले सहज र सरल रूपमा मनाउन चाहेको विवाहको खुसी परिवारहरूलाई आर्थिक रूपमा थकित पार्ने बोझ बन्न पुग्छ, युवाहरूको विवाह ढिलो हुन्छ र उनीहरूलाई कुनै आवश्यकता नै नभएको ऋणको अन्तहीन चक्रमा फसाउँछ।.

अनस राजीअल्लाहोअन्होबाट वर्णन गरिएको छ कि नबी ﷺ ले अब्दुर्रहमान बिन औफ राजीअल्लाहोअन्हो माथि केही पहेँलो रङको प्रभाव देख्नुभयो। उहाँले सोध्नुभयो:

«مَا هَذَا؟»

"यो के हो"؟

उहाँले जवाफ दिनुभयो: “मैले एक महिलासँग सुनको एक नवात (खजुरको गुठलीजति तौल) बराबर सुन महर दिएर विवाह गरेको छु।”

नबी ﷺ ले भन्नुभयो:

«بَارَكَ اللَّهُ لَكَ، أَوْلِمْ وَلَوْ بِشَاةٍ» [رَوَاهُ الْبُخَارِيُّ وَمُسْلِمٌ]

“अल्लाहले तिम्रो लागि बरकत प्रदान गरून्। एउटा भेडा मात्र भए पनि विवाहको भोज गर।” (बुखारी र मुस्लिमले वर्णन गरेका छन्).

म तपाईंहरूले सुन्नुभएको कुरा नै भन्छु र आफ्ना तथा तपाईंहरूका लागि अल्लाहसँग क्षमा माग्छु। त्यसैले उहाँसँग क्षमा माग्नुहोस्। निश्चय नै उहाँ अत्यन्त क्षमाशील, अत्यन्त दयालु हुनुहुन्छ।

# दोस्रो खुत्बा

अल्लाहको उपकार र अनुग्रहका लागि उहाँकै प्रशंसा छ, अनि उहाँले प्रदान गर्नुभएको सफलता र कृपाका लागि उहाँप्रति नै कृतज्ञता व्यक्त गर्दछौँ। म साक्षी दिन्छु कि अल्लाहबाहेक कोही सत्य पूजनीय छैन। उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन–उहाँको महानताको सम्मान गर्दै। र म साक्षी दिन्छु कि मुहम्मद ﷺ उहाँका दास र रसूल हुनुहुन्छ, जसले मानिसहरूलाई उहाँको प्रसन्नतातर्फ आह्वान गर्नुभयो। अल्लाहले उहाँमाथि, उहाँका परिवार, उहाँका सहाबाहरू र उहाँका सहोदर अनुयायीहरूमाथि कृपा तथा शान्ति प्रदान गरून्।

**अब त्यसपछि:** हे अल्लाहका दासहरू, अल्लाहसँग तक्वा अपनाउनुहोस्। निश्चय नै उहाँको तक्वा अपनाउनुमा दासहरूको सुख र सफलता निहित छ। र यो नै पुनरुत्थानको दिनका लागि साथमा लैजान सकिने सबैभन्दा उत्तम तयारी हो। अल्लाह तआलाले भन्नुभएको छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ وَلْتَنْظُرْ نَفْسٌ مَا قَدَّمَتْ لِغَدٍ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا تَعْمَلُونَ} [الحشر: 18]

"हे ईमानवालाहरू, अल्लाहसँग तक्वा अपनाउनुहोस्, र प्रत्येक व्यक्तिले भोलिका लागि आफूले के पठाएको छ, त्यसलाई हेरोस्। र अल्लाहसँग तक्वा अपनाउनुहोस्। निश्चय नै अल्लाह तिमीहरूले गर्ने कार्यहरूबारे पूर्ण रूपमा जानकार हुनुहुन्छ। (अल-हश्र:१८)

**हे मुस्लिमहरू:** जसरी विवाहमा मानिसहरूलाई ठूलो बोझमा पार्ने बाह्य तथा अनावश्यक प्रचलनहरू प्रवेश गरेका छन्, त्यसैगरी तलाक

(सम्बन्धविच्छेद) पनि केही नयाँ प्रचलनहरूबाट सुरक्षित रहन सकेको छैन, जसले यसको शरई उद्देश्यलाई विकृत बनाएका छन्। इस्लाममा तलाक आवश्यकताको अवस्थामा जायज भए पनि, यो त्यस्तो वैवाहिक सम्बन्धको अन्त्य हो, जुन कुनै समय प्रेम, स्नेह र करुणामा आधारित थियो। त्यसैले शरीअतले तलाकका लागि यस्ता शिष्टाचार र मर्यादाहरू निर्धारण गरेको छ, जसले मान-सम्मानको रक्षा गर्छ, अधिकारहरू सुरक्षित राख्छ, तथा बदला लिने भावना र प्रतिशोधलाई रोक्छ। यस विषयमा सुरु गरिएका सबैभन्दा खराब प्रचलनहरूमध्ये एउटा "तलाक समारोह" भनेर गरिने कार्यक्रम पनि हो। किनकि यस्तो अवस्थामा पीडाले भरिएको एउटा क्षण, जसमा एउटा परिवार विघटन भइरहेको हुन्छ र त्यसबाट सन्तानहरू पनि प्रभावित भइरहेका हुन्छन्, त्यसलाई उत्सव मनाउने र खुसी प्रदर्शन गर्ने अवसरमा परिवर्तन गरिन्छ। मानौँ, कुनै मुस्लिम परिवारको घर भत्किनु नै खुसी मनाउने कारण हो! यो कुरा शरीअतका उद्देश्यहरूसँग मेल खाँदैन। शरीअतले सम्बन्धविच्छेदको अवस्थामा पनि राम्रो व्यवहार गर्न आदेश दिएको छ। अल्लाह सुब्हानहु व तआलाले भन्नुभएको छ:

{فَإِمْسَاكٌ بِمَعْرُوفٍ أَوْ تَسْرِيحٌ بِإِحْسَانٍ} [البقرة: 229]

"त्यसपछि या त असल तरिकाले साथमा राख्नु होस्, या राम्रो व्यवहारका साथ अलग गर्नु होस्।" (सूरह अल-बकरह: २२९).

त्यसैले तलाकलाई हल्लाखल्ला र भड्किलो प्रदर्शनका साथ स्वीकार गर्नु, वा यसलाई आपसी द्वेष र वैमनस्य भड्काउन तथा अर्को पक्षको मन दुखाउन प्रयोग गर्नु असल व्यवहार होइन। बरु, शरई रूपमा उचित कुरा के हो भने जीवनको यस अध्यायलाई शिष्टता, गोपनीयता, अधिकारहरूको संरक्षण र सन्तानहरूप्रति करुणाका साथ समाप्त गरिनुपर्छ।

इमाम मुस्लिमले जाबिर राजीअल्लाहोअन्होबाट वर्णन गरेका छन्। उहाँले भन्नुभयो: अल्लाहका रसूल ﷺ ले भन्नुभयो:

«إِنَّ إِبْلِيسَ يَضَعُ عَرْشَهُ عَلَى الْمَاءِ، ثُمَّ يَبْعَثُ سَرَايَاهُ، فَأَدْنَاهُمْ مِنْهُ مَنْزِلَةً أَعْظَمُهُمْ فِتْنَةً، يَجِيءُ أَحَدُهُمْ فَيَقُولُ: فَعَلْتُ كَذَا وَكَذَا، فَيَقُولُ: مَا صَنَعْتَ شَيْئًا، قَالَ: ثُمَّ يَجِيءُ أَحَدُهُمْ فَيَقُولُ: مَا تَرَكْتُهُ حَتَّى فَرَّقْتُ بَيْنَهُ وَبَيْنَ امْرَأَتِهِ، قَالَ: فَيُدْنِيهِ مِنْهُ وَيَقُولُ: نِعْمَ أَنْتَ» قَالَ الْأَعْمَشُ: أُرَاهُ قَالَ: «فَيَلْتَزِمُهُ».

"निश्चय नै इब्लीसले आफ्नो सिंहासन पानीमाथि राख्छ। त्यसपछि उसले आफ्ना सेनाहरू पठाउँछ। तीमध्ये उसको सबैभन्दा नजिकको स्थानमा त्यही हुन्छ, जसले सबैभन्दा ठूलो फित्ना (उपद्रव र भ्रम) फैलाउँछ। तीमध्ये कोही आएर भन्छ: 'मैले यस्तो-यस्तो गरेँ।' इब्लीसले भन्छ: 'तिमीले केही पनि गरेनौ।' त्यसपछि अर्को व्यक्ति आएर भन्छ: 'मैले उसलाई तबसम्म छोडिनँ, जबसम्म मैले उसलाई उसकी पत्नीबाट अलग गराइनँ।' त्यसपछि इब्लीसले उसलाई आफ्नो नजिक ल्याउँछ र भन्छ: 'तिमीले निकै राम्रो काम गर्‍यौ।'" अअ्मशले भनेका छन्: मलाई लाग्छ, उहाँले यो पनि भन्नुभएको थियो: "त्यसपछि इब्लीसले उसलाई अँगालो हाल्छ।"

यो त इब्लीसले मन पराउने काम हो, त्यसो भए मानिसले यसै कुराको उत्सव कसरी मनाउन सक्छ!؟ यो प्रचलन–अल्लाहको प्रशंसा छ, हाम्रो देशमा प्रचलित नभए पनि–केही इस्लामी समाजहरूमा देखा परेको छ र सामाजिक सञ्जालमार्फत यसको प्रचार-प्रसार गरिएको छ।

**हे बरकत प्राप्त गर्नुभएका व्यक्तिहरू:** निश्चय नै विवाह र तलाक मानव जीवनका अत्यन्त महत्त्वपूर्ण विषयहरूमध्ये हुन्। त्यसैले इस्लामले यी दुवै विषयलाई मानिसहरूको इच्छा-आकांक्षा वा परिवर्तनशील सामाजिक प्रचलनहरूको भरमा छोडेको छैन। बरु, इस्लामले यी दुवैलाई यस्ता शरई नियमहरूले व्यवस्थित गरेको छ, जसले दीनको संरक्षण गर्छ, परिवारको रक्षा गर्छ र हित तथा कल्याण सुनिश्चित गर्छ। त्यसैले मानिसहरूका जुन प्रचलनहरू शरीअतअनुकूल छन्, ती प्रशंसनीय र मान्य छन्। तर जुन प्रचलनहरू अल्लाहको शरीअत र उहाँका रसूल ﷺ को मार्गदर्शनविपरीत छन्, तिनको कुनै मान्यता छैन, मानिसहरूले पुस्तौँदेखि एकपछि अर्को पुस्तासम्म त्यसलाई प्रचलनमा ल्याउँदै आएका भए पनि।.

त्यसैले आफ्ना युवाहरूका लागि विवाहलाई सहज बनाउनुहोस् र उनीहरूलाई पवित्र जीवन बिताउने बाटाहरू सरल बनाइदिनुहोस्। अल्लाहले उनीहरूमाथि अनिवार्य नगर्नुभएको खर्चको बोझ उनीहरूमाथि नथोपर्नुहोस्।

र जब तलाकको अवस्था आइपर्छ, त्यसलाई राम्रो व्यवहार र शिष्टताका साथ गरिने तलाक बनाउनुहोस्; द्वेष, अपमान वा बदला लिने भावनाका

साथ होइन। र पति-पत्नीहरूको आदर्श वाक्य अल्लाह तआलाको यो भनाइ हुनुपर्छः

{وَلَا تَنْسَوُا الْفَضْلَ بَيْنَكُمْ} [البقرة: 237]

र तिमीहरू आपसमा एक-अर्कामाथि गरेको उपकारलाई नबिर्सनुहोस्। (सूरह अल-बकरहः २३७).

हामी अल्लाहसँग प्रार्थना गर्दछौँ कि उहाँले मुस्लिमहरूका घरपरिवारहरूलाई सुधार गरून् र पति-पत्नीहरूका हृदयहरूबीच प्रेम तथा एकता कायम गरून्। हे अल्लाह, हामीलाई अमानतको जिम्मेवारी पूरा गर्न सहयोग गरनुहोस्, र हामीलाई धोका तथा विश्वासघातबाट बचाऊनुहोस्। हे अल्लाह, आफ्नो हलालद्वारा हामीलाई हरामबाट बचाउनुहोस् र आफ्नो अनुग्रहद्वारा आफू बाहेक अरू सबैबाट हामीलाई निर्भर हुन नपर्ने बनाउनुहोस्।हे अल्लाह, इमानलाई हाम्रो प्रिय बनाउनुहोस् र हाम्रो हृदयमा त्यसलाई सुशोभित गरिदिनुहोस्। कुफ्र, अवज्ञा र पापलाई हाम्रो लागि अप्रिय बनाउनुहोस् र हामीलाई सन्मार्ग प्राप्त गर्नेहरूमध्ये बनाउनुहोस्। हे अल्लाह, इस्लाम र मुस्लिमहरूलाई सम्मान र शक्ति प्रदान गर्नुहोस् तथा शिर्क र मुश्रिकहरूलाई अपमानित गर्नुहोस्, कपट र कपटीहरूलाई परास्त गर्नुहोस्, आफ्नो दीन, आफ्नो किताब, आफ्नो नबी ﷺ आफ्नो सुन्नत तथा आफ्ना मोमिन बन्दाहरूलाई सहायता प्रदान गर्नुहोस्। हे अल्लाह, मुस्लिम पुरुष र मुस्लिम महिलाहरू तथा मोमिन पुरुष र मोमिन महिलाहरूमध्ये जीवित र मृत सबैलाई क्षमा गर्नुहोस्। हे अल्लाह, हाम्रा अमीर र उहाँका उत्तराधिकारीलाई आफ्नो

मार्गदर्शनअनुसार कार्य गर्ने सफलता प्रदान गर्नुहोस्। उहाँहरूका कार्यहरूलाई आफ्नो आज्ञापालन र आफ्नो प्रसन्नताको माध्यम बनाउनुहोस्।, यस देशलाई सुरक्षित, शान्त, समृद्ध र सुखमय बनाउनुहोस्; यसलाई सुरक्षा र इमानको भूमि बनाउनुहोस्। साथै सम्पूर्ण मुस्लिम देशहरूलाई पनि.

**जुमाको नमाजका लागि नमुना खुत्बा तयार गर्ने समिति**